# भिमाद नगरपालिका
**BHIMAD MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
भिमाद, तनहुँ
**Bhimad, Tanahun**
२०७३/**2073**

गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:-४६९

मिति २०८०/०७/१४

विषयः वैठकको निर्णयहरु सार्वजनिक गरिएको वारे ।

प्रस्तुत विषयमा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को मिति २०८०/०४/१९ गते देखि मिति २०८०/०६/२५ गते सम्म भएको नगरकार्यपालिकाको वैठकका निर्णयहरुको संक्षिप्त व्यहोरा यसै साथ संलग्न गरी सार्वजनिक गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

पदमराज सेन ठकुरी
नगर प्रवक्ता

आर्थिक वर्ष २०८०/०८१ मा भिमाद नगरकार्यपालिकाको मिति २०८०/०४/१९ देखि मिति २०८०/०६/२५ गते सम्म भएका निर्णयहरुको संक्षिप्त व्यहोरा

| बैठक संख्या | निर्णय मिति | निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २ | २०८०-०४-१९ | १ | बैठकका निर्णयहरु र वार्षिक वजेट तथा कार्यक्रम सार्वजनिकीकरणको समिक्षावाट भएका निर्णय कार्यान्वयन गर्ने । |
| | | २ | सवै विषयगत शाखा र वडाहरुको वार्षिक समिक्षा गोष्ठी भदौ २१ र २२ गते गर्ने । |
| | | ३ | वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकाशित योजना संचालन कार्यतालिका अनुसार योजना तथा कार्यक्रम संचालनको लागि विषयगत शाखा र वडा कार्यालयलाई निर्देशन दिने । |
| | | ४ | प्राथमिक स्वास्थ्य केन्द्र फार्मेसी संचालन निर्देशिकाको मस्यौदा छलफलको लागि पेश गर्ने र विभिन्न ३ वटा कार्यविधिको मस्यौदा तयार गर्न सैद्धान्तिक सहमति दिने । |
| | | ५ | चालू वर्षमा सुरक्षित आप्रवासन सामी कार्यक्रम वडा नं. २,३,५ र ७ मा संचालन गर्ने । |
| | | ६ | लघु उद्यम विकास कार्यक्रम चालू वर्षमा वडा नं. ८ मा संचालन गर्ने । |
| | | ७ | चालू आर्थिक वर्षको निकासी ठेक्का पहिलो पटक नपरेको हुँदा पुनः दोस्रो पटक ठेक्का आव्हान गर्ने । |
| | | ८ | प्रदेश सरकार विशेष अनुदानको थुम्कीडाडा खानेपानी योजना संघीय सरकारवाट सर्भे भै सकेको हुँदा उक्त योजना मैदिखोला सिहाले खानेपानी योजनामा स्थानान्तरण गरिदिन प्रदेश सरकार संग अनुरोध गर्ने । |
| | | ९ | चालू वर्षको नागरिक आरोग्य सेवा क्लिनिक (आयुर्वेद) वडा नं. ४ को धावदीमा संचालन गर्ने । |
| | | १० | स्वास्थ्य शाखा मार्फत पेश भएको औषधी तथा सर्जिकल स्वास्थ्य सामाग्रीको दररेट स्वीकृत गर्ने । |
| | | ११ | भू उपयोग ऐन तथा नियमावली वमोजिम जग्गा वर्गीकरणको लागि परामर्शदातावाट तयार भएको कित्तागत विवरण सवै वडाहरुमा रुजु गरी सच्याउनको लागि ३५ दिने सूचना प्रकाशन गर्ने । |
| | | १२ | भिमाद-८ स्थित कुलमुढा खानेपानी योजनाको आम्दानी खर्चको हिसाव सम्वन्धमा अख्तियारमा परेको उजुरी छानविनको लागि ३ सदस्यीय छानविन समिति गठन गर्ने । |
| | | १३ | संघीय मामिला तथा सा.प्रशासन मन्त्रालय मार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट प्राप्त जटिल र प्राविधिक प्रकृतिका योजनाको काम उपभोक्ता समितिवाट नगराउने सम्वन्धी सुझाव कार्यान्वयन गर्ने । |
| | | १४ | प्लान स्टार सानो संसार, काठमाडौंलाई निशुल्क सावुन, डसवास तथा भाडा धुने सावुन, सर्फ तालिम लगायतका कार्यक्रम यस नगरपालिकाको सवै वडामा संचालन गर्न अनुमति दिने । |
| | | १५ | स्थानीय वजारलाई व्यवस्थित वनाउन नियमितरुपमा वजार अनुगमन गर्ने र सडक पेटीमा मालसामान राखी विक्रीवितरण, आवतजावत असहज हुने गरी सडकमा सवारी पार्किङ गरी राख्ने जस्ता प्रवृतिलाई निरुत्साहित गर्ने व्यवस्था मिलाउने । |
| | | १६ | विजुलीको पोलमा अव्यवस्थितरुपमा रहेका तारहरु यथाशिघ्र हटाउन सम्वन्धित निकायलाई पत्राचार गर्ने । |
| | | १७ | वाह्रै महिना अत्यधिकरुपमा सवारी आवतजावत हुने ३ वटा मुख्य सडकहरुमा वाटो हेरालु राखी सरसफाई गर्न कार्यादेश दिई खटाउने र हेरालुलाई मासिक रु.१२०००.० पारिश्रमिक उपलव्ध गराउने । |
| | | १८ | निजी जग्गा व्यवस्थापन सम्वन्धी कार्यविधि अनुसार आ.व.२०७९/०८० मा अनुमति दिईएको जग्गाधनीको जग्गा उत्खनन गर्दा उत्खनन भएको माटोजन्य पदार्थ सोही स्थानमा प्रयोग भइ अन्यत्र विक्री नभएको हुँदा धरौटी फिर्ता दिने । |
| | | १९ | विपद व्यवस्थापन कोष र अन्य विभिन्न शीर्षकवाट रकम विनियोजन तथा भूक्तानी गर्ने । |
| | | १ | उत्कृष्ठ ५ जना स्वास्थ्यकर्मी र एउटा स्वास्थ्य संस्था सम्मान र स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा सम्पन्न । |
| | | २ | उपभोक्ता समितिवाट संचालन हुने योजनाहरुको लागि तयार गरिएको योजना कार्यान्वयन पुस्तिका स्वीकृत गर्ने साथै उक्त पुस्तिका केरमेट भै पुन लिनुपर्ने भएमा रु.२००/- राजश्व लिने । |
| | | ३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखरामा उजुरी परेको पोखरीछाप वाटो ढलान, भिम देउराली मोटरवाटो ढलान लगायतका उजुरी सम्वन्धमा थप प्रष्ट हुने कागजात पठाइदिन अनुरोध भै आएकोमा भिम देउराली मोटरवाटोको ८० प्रतिशत कार्य सम्पन्न भएको र भुक्तानी नभएको तथा पोखरीछाप वाटो ढलान योजना स्वीकृत कार्यक्रममा नभएको व्यहोरा लेखि पठाउने । |

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ

पदमराज सेन ठकुरी
नगर प्रवक्ता

आर्थिक वर्ष २०८०/०८१ मा भिमाद नगरकार्यपालिकाको मिति २०८०/०४/१९ देखि मिति २०८०/०६/२५ गते सम्म भएका निर्णयहरुको संक्षिप्त व्यहोरा

| वैठक संख्या | निर्णय मिति | निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ३ | २०८०-०५-०५ | ४ | भीम्वाध कालिका प्याराग्लाइडिङ प्रालिले यस नगरपालिकामा दर्ताको लागि निवेदन दिएकोमा आर्थिक ऐनमा उक्त किसिमका प्रालि दर्ता शुल्क छुट हुन गएकोले दर्ता शुल्क रु. १००००.० निर्धारण गर्ने । |
| | | ५ | नगरपालिकालाई आवश्यक कानूनहरु तयार गर्न सैद्धान्तिक सहमति भई तयार भएका ३ वटा कानूनका मस्यौदाहरु पेश भइ आगामी वैठकमा अध्ययन गरी राय सुझाव उपलव्ध गराउने । |
| | | ६ | प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशवाट रिक्त दरवन्दी माग फाराम पठाउने सम्वन्धमा संघीय सरकारवाट स्वीकृत इन्जिनियरिङ सेवाको नवौं/दशौं तहको सि.डि.ई पदलाई स्थानीय सेवा गठन तथा संचालन नियमावली, २०८० अनुसार विस्तृत सर्वेक्षण गरी सातौं/आठौं तहको इन्जिनियरको दरवन्दी सृजना गर्नुपर्ने भएकोले हाल उक्त दरवन्दी माग नपठाउने । |
| | | ७ | भिमाद साना किसान कृषि सहकारी संस्था लगायतका सहकारीहरुले ऋणिहरुवाट ऋण असुल गर्न सहयोग गरिदिन अनुरोध भै आएकोमा सोही अनुसार सूचना गर्ने |
| | | ८ | मनसुनी वर्षाका कारण क्षति भएका मोटरवाटो लगायतका विभिन्न क्षतिहरु न्यूनिकरण तथा संरक्षणको लागि विपद व्यवस्थापन कोषवाट प्रत्येक वडालाई रु. १ लाख विनियोजन गरी मर्मत सम्भारको कार्य नियमानुसार गर्ने । |
| | | ९ | नगरपालिका क्षेत्रभित्र हुने सवै प्रकारका वैठक, भेला, सभा, समारोह, कार्यक्रम आदिमा अतिथि तथा पाहुनाहरुलाई स्वागत तथा सम्मानमा खादा प्रयोग नगर्ने । |
| | | १० | अविरल वर्षाको कारणले क्षति भएका विभिन्न वाटो, सिंचाइ कूलोको संरक्षण एवं विपदवाट घर गोठ वाली नाली क्षति भएका व्यक्तिको लागि आर्थिक सहयोग उपलब्ध गराउने साथै आरन संरक्षणको लागि विभिन्न व्यक्तिलाई आर्थिक सहयोग गर्ने । |
| | | ११ | चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार वडा नं. ४ को माझकोट मोटरमार्गमा विनियोजित रकम सोही वडाको सिफारिस अनुसार देव तमन्ती मोटरमार्गमा स्थानान्तरण गर्ने । |
| ४ | २०८०-०५-२२ | १ | चालू वर्षको ठेक्का नं. १ औषधी खरिदको लागि पेश भएका ३ वटा फर्म मध्ये एउटा मात्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा पुनः ठेक्का प्रक्रिया अगाडी वढाउने । |
| | | २ | आर्थिक वर्ष २०७९/०८० को सवै विषयगत शाखा र वडाको समिक्षा गरियो साथै समिक्षामा प्राप्त राय सुझावहरु कार्यान्वयन गर्न विषयगत शाखा र वडालाई निर्देशन दिदै वार्षिक प्रगति प्रतिवेदनको पुस्तिका यथाशिघ्र प्रकाशन गर्ने । |
| | | ३ | कृषि विकास शाखावाट प्राप्त प्रस्ताव अनुसार तोरीको विउ वितरण र मौसमी तरकारीको विउ वितरण कार्यक्रम संचालनको लागि अनुमति दिने । |
| | | ४ | चालू आर्थिक वर्षको लागि स्थानीय उत्पादन शुल्क निकासी करको ठेक्का दोस्रो पटक पनि नपरेको हुदा तेस्रो पटक नियमानुसार पुनः ठेक्का आव्हान गर्ने । |
| | | ५ | भिमाद नगरपालिकाको नगर यातायात गुरुयोजना, २०७७ परिमार्जनको लागि वडा नं. ६ का अध्यक्षको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरी परिमार्जनको मस्यौदा पेश गर्न कायदिश दिने । |
| | | ६ | प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशवाट सातौं/आठौं तहका रिक्त दरवन्दी माग पठाउन लेखि आएकोले सोही अनुसार रिक्त दरवन्दी माग गर्ने । |
| | | ७ | चालू आर्थिक वर्षको स्वीकृत शिक्षा तर्फको आधारभूत विद्यालयमा यूरोगार्ड तथा विद्युतीय हाजिरी व्यवस्थापनका लागि विनियोजित रकमको कार्यक्रम संचालनका लागि शिक्षा युवा तथा खेलकुद शाखावाट प्रस्ताव भै आएका विद्यालयहरुमा उक्त कार्यक्रम संचालन गर्ने । |
| | | ८ | धर्म मावि ग्राउन्ड व्लक/ढुङ्गा छाप्ने कार्यक्रमका लागि विनियोजित वजेटवाट निर्माण कार्य अधुरो भएकोले थप रकमका लागि अनुरोध भै आएकोले शिक्षातर्फको स्वीकृत कार्यक्रमवाट रु. १५००००.० विनियोजन गर्ने । |

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय

पदमराज सेन ठकुरी
नगर प्रमुख

आर्थिक वर्ष २०८०/०८१ मा भिमाद नगरकार्यपालिकाको मिति २०८०/०४/१९ देखि मिति २०८०/०६/२५ गते सम्म भएका निर्णयहरुको संक्षिप्त व्यहोरा

| वैठक संख्या | निर्णय मिति | निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | | ९ | चालू आर्थिक वर्षमा स्वीकृत अपाङ्गता भएका वालवालिकाहरुका लागि दिवा स्याहार केन्द्र संचालनको लागि जनज्योति मावि भिमाद-६ ले अनुरोध गरेकोमा उक्त कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने र उक्त विद्यालयमा स्थापना हुने केन्द्रमा शिक्षणका लागि नगर स्रोतका वाल विकास सहजकर्ता तलव तथा पोषाक शीर्षकवाट आवश्यक व्यवस्थापन गर्ने । |
| ५ | २०८०-०६-११ | १ | चालू आर्थिक वर्षमा खरिद गरिने आयुर्वेद सम्वन्धी औषधीजन्य सामाग्रीको दररेट स्वीकृत गर्ने । |
| | | २ | शिक्षण अनुदान कोटा र उक्त कोटामा कार्यरत शिक्षकहरुलाई चालू आर्थिक वर्षका लागि निरन्तरता दिने । |
| | | ३ | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र विकासको लागि स्रोत केन्द्र (रिसेड) तनहुँले यस नगरपालिकामा CBR कार्यक्रम संचालनका लागि अनुमति माग गरेकोमा दिइएको अनुमति अनुमोदन गर्ने । |
| | | ४ | वडा नं. ८ को नया भवनमा फर्निचर खरिदको लागि नपूग रु.७९८७६.० स्वीकृत नगर विकास योजनाको सि.नं. १८५ शीर्षकवाट भूक्तानी भएको र सोही वडा भवन निर्माणको लागि विनियोजित वजेटवाट नपुग रकम रु. ७१७८७५.० सि.नं. २११ शीर्षकवाट भूक्तानी भएकोमा उक्त दुवै शीर्षकको रकम अनुमोदन गर्ने । |
| | | ५ | भिमाद नगरपालिका वडा नं. ६ मा निर्माणाधिन १५ शैयाको आधारभूत अस्पताल निर्माणको क्रममा देखिएको हार्ड रक ब्रेकर लगाउनु पर्ने भएकोले भेरियसन आदेशको लागि पेश भएको ३.०६ प्रतिशत भेरियसन आदेश स्वीकृत गर्ने । |
| | | ६ | चालू आर्थिक वर्षमा संघ तथा प्रदेश सरकारवाट स्वीकृत समपुरक र विशेष अनुदानका योजनाहरु संचालन प्रकृया अगाडी वढाउने र समपुरक योजनाको हकमा ५० प्रतिशत लागत यस नगरपालिकाको स्वीकृत नगर विकास योजनाको सि.नं. २०७ वाट गर्ने । |
| | | ७ | विभिन्न वडाहरुवाट योजना संशोधन तथा स्थानान्तरणको लागि अनुरोध भै आएकोमा सोही अनुसार योजना संशोधन, स्थानान्तरण गर्ने र वडा नं. ४ को अविरल वर्षाको कारणले क्षति भएका सडक मर्मतको रु. ९७००४.० जयरत्न कन्स्ट्रक्सन एण्ड सप्लायर्स भिमाद-६ लाई विपद व्यवस्थापन कोषवाट भूक्तानी गर्ने । |
| | | ८ | वडा नं. १ स्थित वडहरभन्ज्याङ खानेपानी टंकी तारवार तथा धारा निर्माणका लागि आर्थिक वर्ष २०७९/०८० मा निर्माण कार्य गर्दा कार्य सम्पन्न नभएकोले उक्त खानेपानी योजनाको कार्य सम्पन्न गर्न स्वीकृत नगर विकास योजनाको सि.नं. १०३ शीर्षकवाट रु. ४ लाख विनियोजन गर्ने । |
| | | ९ | यस नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री मोहन प्रसाद मरासिनीलाई स्वागत गर्ने र खानेपानी मन्त्रालयमा सरुवा भै जान लाग्नु भएका प्रमुख प्रशासकीय अधिकृत श्री टेकनाथ दाहाललाई विदाई गर्ने । |
| | | १ | लागत सहभागिताका योजनाहरु संचालनको लागि वडा कार्यालयहरुको सिफारिस सहित प्राप्त भएका योजनाहरुको लागत अनुमान तयार गरी पेश गर्ने र लागत सहभागितामा योजना संचालन गर्न अन्य इच्छुक उपभोक्ताहरुको माग संकलन गरी सम्वन्धित वडा कार्यालयवाट उपलव्ध गराउने । |
| | | २ | भिमाद नगरपालिका वडा नं. ६ मा निर्माणाधिन १५ शैयाको आधारभूत अस्पताल निर्माणको लागि २०८०/०६/२४ गते सम्म म्याद थप भएकोमा रकम निकासा लगायतका कारणले तोकिएको समयमा निर्माण सम्पन्न नभएको भनी निर्माण व्यवसायीवाट निवेदन प्राप्त भएकोले सार्वजनिक खरिद ऐन र भिमाद नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० को प्रावधान वमोजिम निर्माण व्यवसायीले कार्यसम्पादन जमानत, विमा र पेश्की जमानत तथा संशोधित कार्यतालिका पेश भए पश्चात सोही नियमावलीको नियम १३२ को उमपनियम (२) (क) वमोजिम उक्त आधारभूत अस्पतालको निर्माण सम्पन्न गर्ने म्याद १ वर्ष थप गर्ने । |

भिमाद नगरकार्यपालिकाको कार्यालय

पदमराज सेन ठकुरी
नगर प्रवक्ता

आर्थिक वर्ष २०८०/०८१ मा भिमाद नगरकार्यपालिकाको मिति २०८०/०४/१९ देखि मिति २०८०/०६/२५ गते सम्म भएका निर्णयहरुको संक्षिप्त व्यहोरा

| बैठक संख्या | निर्णय मिति | निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ६ | २०८०-०६-२५ | ३ | सार्वजनिक खरिद कार्यलाई पारदर्शी वस्तुनिष्ठ एवं विश्वसनीय वनाउनको लागि योजना शाखा प्रमुखको संयोजकत्वमा ३ सदस्यीय खरिद इकाई गठन गर्ने र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ५ सदस्यीय बोलपत्र मूल्याङ्कन समिति गठन गर्ने । |
| | | ४ | भिमाद नगरपालिकाको भवन तथा योजना मापदण्ड, २०८० को मस्यौदा छलफलका लागि पेश भइ उक्त मापदण्ड अध्ययन गरी आगामी बैठकमा राय सुझाव उपलव्ध गराउने र अघिल्लो बैठकमा पेश भएको वहाल बिटौरी शुल्क व्यवस्थापन कार्यविधि, २०८० मा प्राप्त राय सुझाव समावेश हुने गरी स्वीकृत गर्ने । |
| | | ५ | वडा नं. १ स्थित सिद्धार्थ माविको लागि फर्निचर व्यवस्थापनको लागि सि.नं. २०५ वाट रु. २ लाख विनियोजन गर्ने । |
| | | ६ | भिमाद नगरपालिका वडा नं. ५ भएर वग्ने सेतीनदी वहाव क्षेत्रभित्रका विभिन्न भागहरुवाट नदीजन्य सामाग्री संकलनका लागि २०७९/०७/०२ गतेको बैठकवाट स्वीकृत घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन चालू आर्थिक वर्ष २०८०/०८१ मा थप १ वर्ष मान्य अवधि कार्य गरी घाटको ठेक्का प्रकृया अगाडी वढाउने र अन्य वडाहरुमा रहेका घाटहरुको IEE गर्नुपर्ने भएमा सम्वन्धित वडावाट सिफारिस गरी नगरपालिका पठाउने । |
| | | ७ | विविध |
| | | क | सम्वन्धित वडा कार्यालयहरुवाट सिफारिस भई प्राप्त भएका विभिन्न माग निवेदनहरु मध्ये माग वमोजिम रकम विनियोजन तथा भूक्तानी र योजना संशोधन गर्ने । |
| | | ख | नगर प्रमुखको अध्यक्षतामा १० सदस्यीय पर्यटन विकास समिति गठन गर्ने । |
| | | ग | वाटो हेरालुमा खटाइएका व्यक्तिहरु मध्ये वडा नं. ३ को नविन श्रेष्ठको २०८० कार्तिक मसान्त सम्म म्याद थप गर्ने र सि.नं. ३५ शीर्षकवाट निजहरुको पारिश्रमिक भूक्तानी गर्ने । |
| | | घ | विभिन्न मन्त्रालय तथा कार्यालयहरुवाट प्राप्त पत्रहरु बैठकमा जानकारी भयो । |
| | | ८ | विजया दशमी २०८० को अवसरमा मिति २०८०/०६/२९ गते झण्डा पूजा, प्रसाद ग्रहण र शुभकामना आदान प्रदान गर्ने । |
| | | ९ | नगरकार्यपालिका सदस्य श्री संगिता विकको आमा सिता विकको असामयिक निधन प्रति शोक प्रस्ताव पारित । |

पद्मराज सेन ठकुरी
नगर प्रवक्ता

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय